# गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरी उद्यमशिलताको माध्यमबाट उद्यमी श्रृजना गर्न इच्छुक व्यवसाय विकास सेवा प्रदायक संस्था छनौट गर्न आशयपत्र आह्वानको लागि तयार गरिएको

## कार्यक्षेत्रगत शर्त – Terms of Reference (TOR)

### १. पृष्ठभूमि:

नेपाल सरकार र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को वित्तीय तथा प्राविधिक सहयोगमा सन् १९९८ देखि लागु भएको लघु उद्यम विकास कार्यक्रम (MEDEP) लाई आ.ब. ०६६/०६७ देखि नेपाल सरकारले आन्तरिकीकरण गरी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) को रुपमा विस्तार गरी सञ्चालन गर्दै आएकोमा आ.ब. ०७५/०७६ देखि गण्डकी प्रदेश अन्तर्गत रहेका (कास्की, पर्वत, स्याङजा बाग्लुङ., म्याग्दी, तनहुँ, गोरखा, लम्जुङ., मनाङ, मुस्ताङ र नवलपुर) मा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत सञ्चालन भैरहेको छ । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका सबै प्रक्रिया चरणबद्ध तवरले सञ्चालन गर्न गैह्र सरकारी संस्था, फर्म वा कम्पनी रजिष्टारको कार्यालयमा दर्ता भई सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको कम्पनी मध्येबाट योग्य, अनुभवी व्यवसाय विकास सेवा प्रदायक संस्था छनौट गरी कार्यक्रम सञ्चालन गर्न यो कार्यक्षेत्रगत शर्त (TOR) तयार गरिएको छ ।

चालु आ.ब. ०७६/७७ मा यस मन्त्रालय अन्तर्गतका जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयहरुमा कार्यक्रम सञ्चालनको लागि यस मन्त्रालयमा प्राप्त आशयपत्रहरु मध्येबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० को उपदफा (५) बमोजिम प्रत्येक जिल्लाका लागि तीन देखि बढिमा छवटा संस्थाहरु प्रारम्भिक छनौट गरीनेछ । प्रारम्भिक सुची मध्येबाट घरेलु तथा साना उद्योग कार्यालयले प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा प्रत्येक जिल्लाको लागि (पाँच वटा सम्म स्थानीय तह भएका जिल्लाको लागि एक र ६ वा ६ भन्दा बढि स्थानीय तह भएका जिल्लाको लागि दुईवटा) सेवा प्रदायक संस्था छनौट गर्नेछ । यसरी छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थासँग सम्बन्धित जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयबाट नियमानुसार सम्झौता गरी कार्यक्रम सञ्चालन हुनेछ । (तर प्रथम पटकको आशयपत्रको मूल्याकंनको क्रममा कुनै जिल्लाका लागि कम्तीमा तीनवटा संस्था सारभुत रुपमा प्रभावग्राही नदेखिएमा सम्बन्धित जिल्लाको लागि मात्र पुन: आशयपत्र आव्हान गरिनेछ ।)

### २. उद्देश्य:

अति विपन्न वर्ग, गरिबीको रेखामुनी रहेका महिला, दलित, आदिवासि जनजाति, मधेशी वा आर्थिक, सामाजिक र सांस्कृतिक दृष्टिले पछाडि परेका वर्ग, न्यून आय भएका वर्ग र नेपाल सरकारले लक्षित वर्ग भनी तोकेका जनसमुदायलाई उद्यमशिलताको माध्यमबाट उद्यमी श्रृजना गरी रोजगारी एवं स्वरोजगारीका अवसरहरु प्रदान गरी उनीहरुको आयस्तरमा सुधार गरी गरिबी निवारणमा सहयोग पुऱ्याउनु यो कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

### ३. कार्यक्रम लागू हुने क्षेत्र:

यो कार्यक्रम गण्डकी प्रदेश अन्तर्गतका ११ वटै जिल्लामा लागु हुने छ । यस प्रदेश मातहतका जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयहरुले जिल्ला समन्वय समितिको समन्वयमा लघु उद्यम बिकासका लागि उपलब्ध श्रोत, बजार र लक्षित वर्गको आधारमा जिल्ला उद्यम विकास समितिको निर्णय अनुसारका स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्ने गरी कार्यक्षेत्र निर्धारण गर्नेछन । यसरी निर्धारण गरिएका स्थानीय तहमा लघु उद्यम विकासका लागि सो स्थानीय तह तथा अन्य निकायबाट छुट्याएको श्रोत र निर्धारण गरेको लक्ष्यलाई समेत समावेश गर्न सकिनेछ ।

### ४. छनौट भएका संस्थाले गर्नुपर्ने कार्यहरु:

*४.१ नयाँ उद्यमी श्रृजना तर्फ:*

नयाँ उद्यमी श्रृजना भन्नाले तोकिएको संख्यामा तपसिलमा उल्लेखित प्रक्रियाको माध्यमबाट तयार भएका लघु उद्यमी सम्झनु पर्दछ र उद्यमीहरू गणना गर्दा उद्यम शुरुवात गरिसकेको अवस्थालाई जनाउनेछ । लक्षित नयाँ उद्यमी श्रृजना गर्दा कूल उद्यमीमध्ये स्थानीय तहको जनसंख्याको अनुपातमा महिला (एकल महिला समेत) ७०%, दलित ३०%, आदिवासी जनजाति ४०%, मधेशी ४०%, युवा (१६–४०) वर्ष) ६०% रहनेछन् । यसरी प्रतिशत निर्धारण गर्दा महिला जम्मा ७०% र पुरुष ३०%, जसमध्ये दलित र जनजातीको वाहुल्यता बढी भएको स्थानीय तहमा जम्मा महिला तथा पुरुषमध्ये दलित ३०%, जनजाति ४०% र अन्य ३०% तथा मधेसी समुदायको बाहुल्यता भएको स्थानीय तहमा कम्तीमा

४०% मधेशी (मधेशी दलित तथा जनजाती समेत गरी) र गरिब जनसंख्याको अनुपातमा अन्य ६०% हुने गरी निर्धारण गर्नुपर्नेछ। कुल संख्याको ६०% युवा (१६-४० वर्ष) उमेर समुहका हुनुपर्नेछ। कुनै स्थानीय तहहरुमा गरिब परिवारहरुको अनुपात माथि उल्लेखित तोकिएको लक्षित प्रतिशत बमोजिम वर्ग तथा जातजाती नभएमा जुन जातजाति वा वर्गको अनुपात बढि छ सोही अनुरुप लक्ष्य निर्धारण गर्नुपर्नेछ।

(क) **प्रारम्भिक सर्वेक्षण तथा बजार, श्रोत र सम्भाव्यता अध्ययन:** कार्यक्रम सन्चालन गर्नका लागि तोकिएका स्थानीय तहको प्रारम्भिक सर्वेक्षण तथा बजार, श्रोत र सम्भाव्यता अध्ययन गरी त्यसको प्रतिवेदन सम्बन्धित जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयमा पेश गर्नुपर्ने छ।

(ख) **कार्यक्रमबारे अभिमुखीकरण:** कार्यक्रम सञ्चालन गर्नका लागि छनौट भएका संस्थाले स्थानीय तहका जनप्रतिनिधि, राजनैतिक दलका प्रतिनिधि, बुद्धिजिवी, बिभिन्न संघ संस्थाका प्रतिनिधिहरुको सहभागितामा कार्यक्रमबारे अभिमुखिकरण कार्यक्रम सन्चालन गर्नुपर्नेछ। अभिमुखिकरण कार्यक्रमका माध्यमबाट बजार, स्रोत सम्भाव्यता र लक्षित बर्गबारे सुनिश्चित गर्ने र सम्भावित कार्यक्षेत्र, बस्ती वा टोल छनौट गरी प्रकृया अगाडी बढाउनु पर्नेछ।

(ग) **उद्यम बिकास समिति गठन:** गरिवी निवारणको लागि लघु उद्यम बिकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७० (संशोधन सहित) बमोजिम उद्यम विकास समिति गठन गर्ने सहजिकरण गर्नुपर्नेछ। साथै समितिको गठन र गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्बन्धित कार्यालयसँगको समन्वयमा संस्थाले सञ्चालन गर्नुपर्नेछ।

(घ) **सहभागितामूलक ग्रामिण लेखाजोखा र घरधुरी सर्वेक्षण:** गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनका लागि बजार स्रोत सम्भाव्यता अध्ययनको प्रतिवेदनले सम्बन्धित स्थानीय तहको लागि निर्धारित गरेका वडाहरु र समुदायमा सम्बन्धित सरोकारवालाहरुको सहभागितामा सहभागितात्मक ग्रामिण लेखाजोखा (Participatory Rural Apraisal –PRA) गर्नुपर्नेछ। सम्बन्धित स्थानीय तहमा गरिएको अभिमुखिकरण गोष्ठिले कार्यक्रम कार्यान्वयन गर्ने भनी तोकेको वडा र बस्तीमा बसोबास गरेका समूहहरु मध्येबाट तोकिएको संख्यामा (कम्तिमा २०-२५ जना) सहभागी हुने गरी कार्यक्रमको लक्षित वर्ग, श्रोत, बजार र सिपको संभाव्यता पहिचान गर्नुपर्नेछ।

(ङ) **सर्वेक्षण प्रकृया:** PRA को माध्यमबाट छनौट भएका परिवारहरु मध्ये निम्न मध्यम, गरिब र अति गरिब परिवारको फाराम A भर्ने र उक्त परिवार गरिवीको रेखामुनी भएको सुनिश्चित गरी १६ देखि ५० वर्ष भित्रका बेरोजगार सदस्यको फाराम B भर्ने। यदि परिवारमा कुनै पनि प्रकारको व्यवसाय गरिरहेको वा व्यवसाय गरेर बन्द भएको पाइएमा फाराम C समेत भरी उक्त फारामहरुको विश्लेषणको आधारमा सम्भावित उद्यमीहरु छनौट गर्ने। सर्वेक्षणको लागि आवश्यक फाराम गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७० मा व्यवस्था भए बमोजिम कार्यालयले उपलब्ध गराएको नमूना अनुसारका फारामहरु (A देखि G सम्म) आफैले आवश्यक संख्यामा छपाई गरी सरोकारवालाको प्रत्यक्ष संलग्नतामा भरी उक्त फारमहरुको विश्लेषण गरी लक्षित वर्ग छनौट गर्ने र उक्त फारामहरुको विवरण कम्प्युटरमा प्रविष्ट गरी SOFT COPY र सक्कल फारामहरुमा संस्था प्रमुखले प्रमाणित गरी सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ।

(च) **समूह निर्माण र क्षमता अभिवृद्धि:** फारम A, B र C को विश्लेषणको आधारमा सम्भावित लघु उद्यमी छनौट गरी न्यूनतम ५ जना सम्मको लघु उद्यमी समूह गठन गर्ने र उक्त समूहलाई मासिक बैठक, मासिक बचत, बचत परिचालन, समूह खाता, सहकारी शिक्षा, समूहको अवधारणा, महत्व, पदीय जिम्मेवारी तथा उद्यमको कारोबारको विवरण (उत्पादन, बिक्रि, ऋण लगानी) सम्बन्धी बिषयमा सुशिक्षित गर्ने।

(छ) **उद्यमशीलता विकास तालिम:** सम्भाव्य उद्यमीहरुको पहिचान पश्चात उनीहरुको लागि अनकूल हुने स्थानमा उपस्थित गराई सम्फौता अनुसार निर्धारित सबै स्थानीय तहका छनौट भएका सम्भाव्य उद्यमीहरुलाई ७ (सात) दिनको व्यवसाय सुरु र सुधार तालिम (Start & Improve Your Business-SIYB) तालिमको दुईवटा चरण TOPE, TOSE र एक दिनको लैङ्गिक तथा सामाजिक समावेसीकरण (GESI) तालिम समेत गरी जम्मा ८ दिनको तालिम प्रदान गर्नुपर्नेछ। यसरी तालिम सञ्चालन गर्दा TOPE र TOSE तालिमको बीचमा कम्तिमा २ दिनको अन्तराल हुनुपर्नेछ।

(ज) **सिप विकास तालिम सञ्चालन:** व्यवसाय सुरु र सुधार तालिम लिएका सहभागीहरुमध्ये व्यवसायिक योजनाको आधारमा कम्तिमा ३० प्रतिशतलाई लामो अवधि (९० दिनको), कम्तिमा ३० प्रतिशतलाई मध्यम अवधि (४५ दिनको) र बाँकीलाई छोटो अवधि (१५ दिनको) को प्राविधिक सिप विकास तालिम प्रदान गर्नुपर्नेछ । सिप विकास तालिम प्रदान गर्दा तालिमको पाठ्यक्रम र तालिम प्रशिक्षक नेपाल सरकारबाट मान्यता प्राप्त भएको हुनुपर्नेछ । तर कुनै विषयमा पाठ्यक्रम स्वीकृत भइनसकेको र सो अनुसार प्रशिक्षक उपलब्ध नभएको अवस्थामा जिल्ला उद्यम विकास समितिको निर्णय अनुसार हुनेछ । व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुले तालिम सञ्चालन गर्दा लामो, मध्यम र छोटो अवधिका तालिम तोकिएको अवधी भन्दा कम भएमा संचालित कार्यक्रमको अवधिको गणना गरी दामाशाहीको हिसावले रकम भुक्तानी गरिनेछ ।

उदाहरण: लामो अवधि भनी सञ्चालन भएको तालिम ७० दिनमा सम्पन्न भएको पाइएमा प्रस्तावित सिप विकास तालिममा उल्लेख गरिएको रकमलाई ९० ले भाग गरी ७० ले गुणन गरी हुन आउने रकमलाई मान्यता दिइनेछ ।

(झ) **लघुकर्जा पहुंचका लागि सहजीकरण:** लघु उद्यम सञ्चालनमा आवश्यक लगानीको सुनिश्चित्ताका लागि मुख्यत: तीन पक्षमा ध्यान दिएर सहकार्य गर्ने ।

(अ) अति विपन्न जसको आफ्नो घरमा उद्यम सञ्चालनका लागि स्थान छैन भने त्यस्ता सम्भाव्य लघु उद्यमीहरुका लागि साझा सुविधा केन्द्र मार्फत उद्यम सञ्चालनमा सहजिकरण गर्ने ।

(आ) सम्भाव्य लघु उद्यमीहरु जसको आफ्नै थोरै पूँजि छ र त्यसबाटै लघु उद्यम सञ्चालन गर्ने किसिमको व्यवसायिक योजना बनाएका छन् भने त्यस्ता लघु उद्यमीहरुको पहिचान गरी उद्यम स्थापनाका लागि सहजिकरण गर्ने ।

(इ) सम्भाव्य लघु उद्यमीहरु जसलाई कर्जाको आवश्यकता छ भने त्यस्ता लघु उद्यमीहरुको पहिचान र अनुरोधमा स्थानीय स्तरमा सञ्चालित सहकारी, बैंक तथा लघु वित्त संस्थाहरुसँग प्रत्यक्ष भेटघाट, परामर्श, गोष्ठी मार्फत सम्वन्धित उद्यमी र वित्तीय संस्था बीच अन्तरक्रिया गराई लघु कर्जा पहुँचमा सुनिश्चितता गर्ने ।

यस प्रकार लघु उद्यमी श्रृजनाका लागि सम्झौतामा दिइएको लक्ष्य अनुसार साझा सुविधा केन्द्र र स्वलगानी र लघु कर्जा मार्फत उद्यम सञ्चालन गर्नेहरुको विवरण अद्यावधिक राख्ने । कर्जा लगानीका हकमा तोकिएका लघु उद्यमी श्रृजनाको लक्ष्यमध्ये कम्तिमा ४० प्रतिशतले लघु कर्जा प्राप्त गरेको हुनुपर्नेछ ।

(ञ) **व्यवसाय विकास परामर्श तथा बजार विस्तार:** कार्यक्रम सन्चालन भएका सबै स्थानीय तहका उद्यमीहरुबाट उत्पादित बस्तुहरुको सरल र सहज बिक्री व्यवस्थाको लागि बजारीकरण सन्जाल विस्तार र व्यवसायिक परामर्श सेवा प्रदान गर्नुपर्ने छ ।

(ट) **उपयुक्त प्रविधिमा पहुंचका लागि प्रविधी हस्तान्तरण र सहजिकरण:** तालिम लिई उद्यमी बन्न योग्य व्यक्तिहरुलाई आवश्यक पर्ने प्रविधि उपलब्ध गराउनका लागि आवश्यक प्रविधि पहिचान गरी सम्बन्धित निकाय सँग समन्वय गरी कम्तिमा कार्यक्रमको तर्फबाट ८० प्रतिशत र सहभागीको तर्फबाट २० प्रतिशतको अनुपातमा उद्यमीहरुलाई आवश्यक उपयुक्त प्रविधि हस्तान्तरण गर्ने । साथै सिप विकास तालिममा प्रयोग भएका प्रविधिहरुलाई समेत माथि उल्लेखित लागत सहभागितामा सहभागीहरुलाई नै हस्तान्तरण गर्नुपर्नेछ ।

(ठ) **साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापना र सञ्चालन गर्न सहजिकरण:** अति विपन्न तथा विपन्नताको कारण उद्यम स्थापना गर्न स्थान नभएका तर उद्यम गर्न ईच्छुक उद्यमीहरुलाई उद्यम स्थापना र विकासमा सघाउ पुग्ने गरी गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका, २०७० अनुरुप साझा सुविधा केन्द्रको स्थापना र सञ्चालन गर्न सहजिकरण गर्ने ।

(ड) **लघु उद्यम नीति सम्बन्धमा सुसूचित, वकालत र पैरवी:** विद्यमान लघु उद्यम मैत्री नीति नियमहरुको बारेमा समूहहरुलाई अभिमुखिकरण गराई सम्बन्धित निकायसँग समन्वय र सहकार्यको लागि सहजिकरण गर्ने र जिल्लास्थित लघु उद्यमीहरुको समूह तथा संस्थासँगको सहकार्यमा स्थानीय तह तथा अन्य कार्यालयहरुसँग बजेट तथा कार्यक्रम विनियोजनको लागि सुसूचित, पैरवी र वकालत गर्ने ।

ढ) **तथ्याङ्क विवरण अद्यावधिक गर्ने:** व्यवसाय विकास सेवा प्रदायक संस्थाले उद्यमी श्रृजनाको लागि गरिएका हरेक क्रृयाकलापहरुको विवरण अद्यावधिक गर्नको लागि कार्यक्रमले तयार पारेको Webbased Database System अनुसार कम्प्युटरमा विवरण प्रविष्ट गरी त्यसको सारांश प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने छ । यसरी अद्यावधिक गरेको तथ्यांकको एक प्रति रकम भुक्तानी दिने कार्यालयलाई बुझाउनु पर्नेछ । MIS Database मा देहायका ८ विवरणहरु प्रविष्टि नभएसम्म उद्यमी श्रृजना भएको नदेखिने हुँदा त्यसलाई विशेष

ध्यान दिनुपर्नेछ । (१) समूह निर्माण (२) TOPE तालिम (३) TOSE तालिम (४) व्यवसायिक योजना (५) सिप विकास तालिम वा व्यवसाय व्यबस्थापन परामर्श (६) बजार सर्वेक्षण (७) ऋण लगानी वा स्वलगानी (८) उद्यमको नाम ।

**४.२ उद्यमीको व्यबसाय स्तरोन्नती तर्फ:**

लघु उद्यम विकास कार्यक्रम (MEDEP) र गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) बाट प्रवर्द्धन गरिएका लघु उद्यमीहरु मध्येबाट तोकिएको संख्यामा उद्यमी पहिचान गरी देहाय अनुसारका कार्यहरु गर्ने:

क) स्तरोन्नतीको लागि आवश्यकता पहिचान गर्ने ।

ख) आवश्यकता पहिचानको आधारमा स्तरवृद्धि वा पुनर्ताजगीका लागि सिप विकास तालिम सञ्चालन गर्ने ।

ग) उपयुक्त प्रविधिको पहिचान गरी उद्यमीलाई लागत साझेदारीमा कार्यक्रमको तर्फबाट ८० प्रतिशत र उद्यमीको तर्फबाट २० प्रतिशत लागत सहभागितामा प्रविधि हस्तान्तरण गर्ने ।

घ) उत्पादित वस्तुको ब्राण्डिङ्ग, प्याकेजिङ्ग, पेटेन्ट, डिजाइन र ट्रेडमार्क दर्ता, बजार मेला, प्रर्दशनीमा सहभागिता तथा सफल उद्यमको स्थलगत अवलोकन भ्रमणको लागि सहयोग गर्ने ।

ङ) स्तरोन्नतीको लागि गरिएका सम्पूर्ण कृयाकलापका तथ्याङ्क तथा गत ३ वर्ष भित्र लघु उद्यम विकास कार्यक्रम (MEDEP) र गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) अन्तर्गत प्रवद्धन गरिएका लघु उद्यमीको विवरण MIS Database Software मा अध्यावधिक गर्ने र त्यसको सारांश प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्ने ।

च) व्यवसाय विकास सेवा प्रदायक संस्थाले उल्लेखित क्रियाकलापहरु गर्दा सम्बन्धित स्थानीय तहलाई जानकारी दिई समन्वय गरी गर्नुपर्नेछ र संस्थाले सम्बन्धित निकायमा पेश गर्नुपर्ने प्रतिवेदन, तथ्याङ्क, नक्सा, सर्भे प्रतिवेदन लगायतको विवरण सम्झौतामा तोकिएको समयावधि भित्र पेश गरिसक्नु पर्नेछ ।

छ) MEDPA सञ्चालन निर्देशिका, २०७० (संशोधन सहित) तथा अन्य प्रचलित कानुन बमोजिम व्यवसाय बिकास सेवा प्रदायक संस्थाले गर्नुपर्ने भनी तोकिएका अन्य कार्यहरु नियमानुसार सम्पादन गर्नुपर्नेछ ।

ज) **प्रगति प्रतिवेदन पेश गर्ने:** MEDPA सञ्चालन निर्देशिका, २०७० (संशोधन सहित)को व्यवस्था अनुसार व्यवसाय विकास सेवा प्रदायक संस्थाले पेश गर्नुपर्ने प्रगति प्रतिवेदनहरु तोकिएको ढाँचा, समय र निकायमा तोकिए बमोजिम पेश गर्नुपर्नेछ ।

## ५. व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुबाट प्राप्त आशय-पत्रहरु छनौट तथा मूल्यांकनका आधारहरु :

५.१ व्यवसाय विकास सेवा प्रदायक संस्थाको अनुभव, क्षमता, जनशक्ति र न्यूनतम योग्यता:

क) **संस्थाको अनुभव, दर्ता, भौगोलिकता तथा क्षमता** :- लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सिप विकासको क्षेत्रमा काम गरेको अनुभव भएको तथा कार्यक्रम सञ्चालन गर्नका लागि सम्बन्धित जिल्ला, सोही प्रदेशको भौगोलिक सिमाना जोडिएका जिल्ला तथा सम्बन्धित प्रदेशका अन्य जिल्लाका र अन्य प्रदेशका जिल्लाका सेवा प्रदायक संस्थाहरुको आशयपत्र र प्रस्ताव उपर क्रमश: पहिलो, दोश्रो र तेश्रो प्राथमिकताका आधारमा अंकभार निर्धारण गरी छनौट गरिनेछ । उल्लिखित व्यवस्थाको अतिरिक्त व्यवसाय विकास सेवा प्रदायक संस्थाको मूल्यांकन गर्दा आशयपत्र पेश गर्न चाहेको जिल्लामा संस्था दर्ता भई सोहि जिल्लामै कार्यालय स्थापना गरी कार्य सञ्चालन गरेको संस्थालाई नियमानुसार थप २ अंक र प्रदेश अन्तर्गतका अन्य जिल्लामा दर्ता भएको संस्थालाई थप १ अंक प्रदान गरिनेछ । आशयपत्र पेश गर्न चाहेको जिल्लाबाहेक अन्यत्र कुनै पनि जिल्लामा दर्ता भएको संस्थाले सम्बन्धित जिल्लामा कार्यसञ्चालन अनुमती लिएकै आधारमा सोही जिल्लामा दर्ता भएको मानी/ठानी मूल्यांकन गरिने छैन ।

**विशेष व्यवस्था** : EDF को भौगोलिक आबद्धता, व्यवसाय विकास सेवा प्रदायक संस्थाको अनुभव, संस्थाको दर्ता/भौगोलिकताको आधार तथा संस्थाको कार्यालय व्यवस्थापन क्षमताको आधारमा मुल्यांकन गर्दा साविकको नवलपरासी जिल्ला र हालको नवलपरासी (बर्दघाट सुस्तापूर्व) जिल्लालाई एउटै जिल्ला मानी मुल्यांकन गरिनेछ ।

**ख) जनशक्ती**

अ) कार्यक्रम संयोजक: १ जना

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता: स्नातक वा सो सरह हुने छ । स्नात्तकोत्तर उपाधि हासिल गरेकोलाई ग्राह्यता दिइनेछ ।

२. अनुभव: लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सिप विकास वा आय आर्जनको क्षेत्रमा योजना, संयोजन, निर्देशन, अनुगमन र निरीक्षण जस्ता कृयाकलापमा अनुभव प्राप्त गरेकोलाई प्राथमिकता दिइनेछ ।

३. लैङ्गिक तथा सामाजिक समावेसी: महिला वा आदिवासी जनजाती वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिईनेछ ।

आ) <u>उद्यम विकास सहजकर्ता: ६ जना</u>

१.आवश्यक न्युनतम योग्यता :

सहभागितात्मक ग्रामीण लेखाजोखा (PRA), घरधुरी सर्वेक्षण (HHS), उद्यमशिलता विकास (SIYB/MECD/ EDP) जस्ता तालिम लिई उद्यम विकास सहजिकरणमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) अन्तर्गत राष्ट्रिय सिप परीक्षण समिति (NSTB) बाट सिप परीक्षणमा कम्तिमा तह २ उत्तीर्ण गरेको वा

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी १५ महिने प्राविधिक एस.एल.सी. उत्तीर्ण गरेको हुनपर्नेछ ।

२.अनुभव: लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सिप विकास वा आय आर्जनको क्षेत्रमा अनुभव प्राप्त उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिइनेछ ।

३.लैङ्गिक तथा सामाजिक समावेसी: महिला वा आदिवासी जनजाति वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

४. उद्यम विकास सहजकर्ताको आशयपत्र पेश भएको जिल्लासँगको भौगोलिक आवद्धतालाई प्राथमिकता दिईनेछ । यसका लागि नागरिकताको प्रमाणपत्रमा उल्लिखित स्थायी ठेगाना वा बसाई सराईबाट कायम भएको ठेगानालाई मान्यता दिईनेछ ।

*नोट: माथि जुनसुकै कुरा लेखिएको भएतापनि तोकिएको संख्यामा उद्यम विकास सहजकर्ता प्रस्ताव नगरेका आशयपत्रहरु मान्य हुने छैनन् । सीप परीक्षण तह ३ उत्तीर्ण उद्यम विकास सहजकर्तालाई मान्यता दिइनेछ ।*

इ) <u>कम्प्यूटर अपरेटर: १ जना</u>

१. आवश्यक न्यूनतम योग्यता: कम्प्युटर विषय लिई प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको वा जुनसुकै विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा ६ महिने कम्प्यूटर तालिम लिएको ।

२. अनुभव: लघु उद्यम विकास कार्यक्रमको GESIMIS सम्बन्धी कार्य अनुभव भएकालाई प्राथमिकता दिईनेछ ।

३. लैङ्गिक तथा सामाजिक समावेसी: महिला वा आदिवासी जनजाती वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ

ई) <u>लेखा तथा प्रशासन सहायक: १ जना</u>

१. आवश्यक न्यूनतम योग्यता: व्यवस्थापन विषयमा कम्तिमा कक्षा १२ वा सो सरह उत्तीर्ण भएको ।

२. अनुभव: सम्बन्धित कार्यक्षेत्रमा अनुभवीलाई प्राथमिकता दिईनेछ ।

३. लैङ्गिक तथा सामाजिक समावेसी: महिला वा आदिवासी जनजाति वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

## ६. <u>व्यवसाय विकास सेवा प्रदायक संस्थाको संस्थागत योग्यता सम्बन्धी विवरण:</u>

क) संस्थाको विधान वा प्रवन्ध पत्र तथा नियमावलीमा उल्लेखित उद्देश्य अनुसार काम गर्न मान्यता प्राप्त संस्थाबाट विधिवत रुपमा दर्ता भई आशयपत्र पेश गर्ने अन्तिम मिति सम्ममा कम्तिमा २ बर्ष पुरा गरी लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सिप विकासको क्षेत्रमा काम गरेको अनुभव भएको हुनुपर्नेछ ।

ख) संस्था विधिवत दर्ता भई अद्यावधिक नविकरण भएको हुनुपर्नेछ ।

ग) कार्यक्षेत्रगत शर्त (TOR) मा उल्लेख भएका जनशक्ति उपलब्ध हुनुपर्नेछ ।

घ) मूल्य अभिबृद्धि करमा दर्ता भएको हुनुपर्नेछ ।

ङ) आ.ब. २०७४।७५ को कर चुक्ता भएको हुनुपर्नेछ ।

च) सार्वजनिक कार्य गर्न नपाउने गरी संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्र अनिवार्य संलग्न गर्नुपर्नेछ ।

छ) यस मन्त्रालय अन्तर्गतका ११ जिल्ला मध्ये बढिमा २ जिल्ला (कार्यक्षेत्र)मा मात्र प्रस्ताव पेश गर्न सकिनेछ ।

***<u>नोट: अनुभवको प्रमाणको प्रतिलिपि, आ.ब. २०७३।०७४ र २०७४।०७५ को लेखापरिक्षणको प्रतिवेदन, माथि उल्लेखित विषय प्रमाणित हुने कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गराई अनिवार्य रुपमा संलग्न हुनुपर्नेछ</u>***

७. प्राविधिक/आशयपत्र प्रस्तावको ढाँचाः

आशयपत्रको ढाँचा अनूसूची १ मा उल्लेख गरिएको छ ।

८. आशयपत्र पेश गर्ने र खोल्ने तरिकाः

आशयपत्र आव्हानको सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र यस मन्त्रालयको website:moitfe.gandaki.gov.np बाट download गरि कार्यक्षेत्रगत शर्त (TOR) प्राप्त गर्न सकिने छ । आशयपत्र पेश गर्न चाहनेले सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/egp बाट आशयपत्र पेश गर्न सक्नेछन् । e-submission का लागि यस प्रदेशका ११ जिल्लाका लागि ११ वटा भिन्दा भिन्दै package मार्फत सूचना आव्हान गरिने हुँदा आशयपत्र पेश गर्न चाहने आशयपत्रदाताले www.bolpatra.gov.np/egp बाट सम्बन्धित जिल्लाको सूचनाको लिङ्क (Package number/contract ID i.e. EOI no. जुन कुरा विस्तृत सूचनामा उल्लेख गरिने छ) मा गई प्राप्त निर्देशन अनुसार अधिकतम २ जिल्लाका लागि भिन्दा भिन्दै आशयपत्र पेश गर्न सकिने छ । भिन्दा भिन्दै आशयपत्रका लागि भिन्दा भिन्दै कागज प्रमाणहरु pdf format मा upload गर्नुपर्नेछ ।

प्राप्त आशयपत्रहरु १६ औं दिनको १४:०० बजेदेखि यस मन्त्रालयले PPMO बाट प्राप्त Username तथा Password प्रयोग गरेर आशयपत्रदाताहरु वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको उपस्थितिमा यस मन्त्रालयमा खोलिनेछ । तर आशयपत्रदाताहरु वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको उपस्थिति नभए पनि आशयपत्र खोल्न बाधा पर्ने छैन ।

एकै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी एक भन्दा बढी जिल्ला कार्यक्षेत्रका लागि आशयपत्र पेश गरेको पाईएमा मन्त्रालयले तोकेको एक मात्र जिल्लामा सिफारिस गरि पठाईने छ । एक भन्दा बढी संस्थाले एउटै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी आशयपत्र पेश गरेको पाईएमा मन्त्रालयले तोकेको समय भित्र सम्बन्धित जनशक्तिको मन्जुरीनामा आशयपत्र पेश गर्ने संस्था, फर्म, कम्पनीले पेश गर्नुपर्नेछ । सो पेश गर्न नसक्ने आशयपत्रदाताको आशयपत्रमा उल्लेखित जनशक्ति रद्द गरिने छ ।

- अपलोड भएका आशयपत्रहरु माथि उल्लेख भए बमोजिम खोलिनेछ र scan गरी pdf format मा पेश गरिएका कागजातहरुको सक्कल प्रति वा प्रमाणित प्रतिलिपिहरु आशयपत्रदाताले मन्त्रालयले आवश्यक ठानेमा तोकिएको समयभित्र यस मन्त्रालयमा पेश गरिसक्नु पर्नेछ ।
- आशयपत्रदाताको आशयपत्रहरु pdf format मा अपलोड भएको नदेखिएमा, अपलोड भएको फाइल प्रष्टसँग नबुझिएमा, download हुन नसकेमा वा नभएमा वा download भएको pdf file नखुलेमा यस मन्त्रालय जवाफदेहि हुने छैन ।

९. आशयपत्र मूल्यांकन गर्ने तरिकाः

आशयपत्रको अंकभार १०० कायम गरिएको छ । उत्तीर्णाङ्क ६० प्रतिशत अर्थात ६० अंक हुनेछ । उत्तीर्णाङ्क प्राप्त गर्ने प्रस्तावहरु मध्येबाट योग्यताक्रमका आधारमा प्रत्येक जिल्लाका लागि निर्देशिका बमोजिम कम्तिमा ३ देखि बढिमा ६ वटासम्म संस्थाहरुलाई प्रारम्भिक छनौटमा राखिनेछ । यसरी छनौट भएका संस्थाहरुको योग्यताक्रम अनुसारको सूचि सार्वजनिक जानकारीका लागि राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरिनेछ । सोही संस्थाहरुबाट यस मन्त्रालय वा सम्बन्धित जिल्लाले प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरी गुणस्तर र लागत विधि अनुसार मूल्याङ्कन गरी अन्तिम छनौट गर्नेछ ।

१०. आशयपत्र मूल्याकंनको अंक भार विभाजन तथा आधारहरुः

**क) मुख्य विज्ञहरुको योग्यता र अनुभव (Qualification and experience of key experts): ३०**

अ) उद्यम विकास सहजकर्ताको योग्यता, अनुभव, लैंगिक तथा सामाजिक समावेशी र भौगोलिक आवद्धता *(ई.डि.एफ.को अनुभवको मुल्यांकन गर्दा प्रत्येक ई.डि.एफ.को लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सिप विकास वा आय आर्जनको क्षेत्रमा एक बर्षको कार्य अनुभवका आधारमा अंक प्रदान गरिनेछ)*

आ) कार्यक्रम संयोजकको योग्यता र अनुभव (प्रति वर्ष कार्यअनुभवको आधारमा २० वर्षको मुल्यांकन गरिनेछ) ।

इ) तथ्यांक सहायक/कम्प्यूटर अपरेटरको योग्यता र अनुभव (बढिमा २ वर्षको कार्य अनुभवको मुल्यांकन गरिनेछ) ।

**ख) संस्थाको दर्ता, भौगोलिक उपस्थिति (कार्यक्षेत्र), अनुभव तथा योग्यता : ५०**

अ) विगतमा गरेको लघु उद्यम सम्बन्धी कामको अनुभवको आधारमा (सम्बन्धित जिल्लाकोलाई प्राथमिकता दिईने, बढिमा ४ वर्षको अनुभवको मुल्यांकन गरिनेछ)

आ) संस्थाले विगतमा सञ्चालन गरेको कार्यक्रम/परियोजनाको प्रमाणित संख्याको आधारमा (गरिवी निवारण/लघु उद्यमी सिर्जनाको क्षेत्रमा संस्थाले सञ्चालन गरेको बढीमा ५. कार्यक्रम/परियोजनासम्मको मुल्यांकन गरिनेछ)

इ) संस्था दर्ता/भौगोलिकताको आधार (आशयपत्र पेश गर्न चाहेको जिल्ला, छिमेकी जिल्ला, प्रदेशभित्रका अन्य जिल्ला र अन्य प्रदेशका जिल्लामा दर्ता भएका संस्थालाई क्रमशः प्राथमिकतामा राखी मुल्यांकन गरिनेछ ।

ई) संस्थाको कार्य समितिमध्ये निर्णायक पदमा समावेशीता, संस्थाको कार्य समितिमा समावेशीता र संस्थामा भएका नियमित कर्मचारीको आधार

उ) संस्थाको कार्य समितिका पदाधिकारीको शैक्षिक योग्यताको आधार

**ग) संस्थाको आर्थिक, प्रशासनिक तथा भौतिक क्षमता : २०**

अ) संस्थाको कार्यालय व्यवस्थापन क्षमता : यस्तो मुल्यांकन गर्दा आशयपत्र पेश गरेको जिल्लामा संस्थाको आफ्नै भवन भएको वा भाडाको भवनमा कार्यालय सञ्चालन गरेको व्यहोरा पेश भएका कागजातबाट प्रमाणित भएमा त्यस्तो संस्थालाई क्रमशः पहिलो र दोश्रो प्राथमिकता दिई मुल्यांकन गरिनेछ ।

आ) संस्थाको बार्षिक कारोबार : (आ.व. २०७३।७४ र २०७४।७५) वा (आ.व. ०७४।०७५ र ०७५।०७६) (लेखापरीक्षण प्रतिवेदन अनुसार मुल्यांकन गरिनेछ)

इ) संस्थाको कर्मचारी प्रशासन, आर्थिक प्रशासन, लैङ्गिक र सामाजिक समावेशी नियमावलीको आधारमा (पेश गरेको प्रमाणका आधारमा प्रत्येकको भिन्दाभिन्दै मुल्यांकन गरिनेछ)

*पुनश्च: आशयपत्र/प्राविधिक प्रस्तावको मूल्यांकन गर्ने विस्तृत आधारहरु मेड्पा सञ्चालन निर्देशिका, सार्वजनिक खरिद ऐन, नियम तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ । प्रस्तावको मूल्यांकन सोही बमोजिम गरिनेछ । आशयपत्रदाता संस्थाहरुमार्फत मन्त्रालयमा पेश भएका आशयपत्रहरुका सम्बन्धमा कुनै द्विविधा वा समस्या उत्पन्न भएमा वा कुनै आशयपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धमा सम्पूर्ण अधिकार यस मन्त्रालयमा रहने छ ।*

## ११. बिबिधः

व्यवसाय विकास सेवा प्रदायक संस्थाले सम्झौता भए बमोजिमको समयावधिभित्र कार्यसम्पादन गरिसक्नु पर्नेछ । सम्झौता भए बमोजिमका विषयहरुमा मात्र घरेलु तथा साना उद्योग कार्यालयहरुले व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुलाई सूचना, भौतिक सुविधा र उपकरण उपलब्ध गराउनेछन् । प्रचलित कानूनको अधिनमा रही यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४, गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७० (संशोधन सहित) बमोजिम हुनेछ ।

सचिव

अनुसूची १

# गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनको लागि आशयपत्र फाराम

१.सामान्य जानकारी: काम गर्न चाहेको जिल्ला:..........................

| | |
|---|---|
| १.१ परियोजनाको शिर्षक | |
| १.२ परियोजनाको जिल्ला/प्रदेश | |
| १.३ संघ/संस्थाको नाम | |
| १.४ संक्षिप्त नाम कुनै छ भने | |
| १.५ संघ/संस्थाको कानूनी स्तर | राष्ट्रिय/जिल्ला |
| | गैह्र सरकारी संस्था/फर्म |
| १.६ सम्पर्क विवरण<br>सम्पर्क व्यक्तिको नाम:<br>ठेगाना:<br>फोन नं./फ्याक्स नं.<br>इमेल:<br>वेबसाइट: | |
| १.७ संघ/संस्था दर्ता नं.<br>संघ/संस्था दर्ता मिति:<br>संघ/संस्था दर्ता भएको जिल्ला:<br>दर्ता गरेको कार्यालयको नाम: | |
| १.८ काम शुरु गरेको मिति:<br>Date started to work | |
| १.९ नविकरणको अन्तिम मिति: | |
| १.१० आशयपत्र पेश गरेको जिल्लामा संस्थाको आफ्नै भवन भए/नभएको, नभएको भए भाडामा लिए/नलिएको:<br>(प्रमाणित कागजातका आधारमा मुल्यांकन गरिनेछ ।) | |

## २.संघ/संस्थाको उद्देश्य तथा क्षमता (Objectives and competency of the organization)

| | |
|---|---|
| २.१ विधानमा उल्लेखित संस्थाको प्रमुख उद्देश्यहरु समावेश गर्ने (संस्थाको विधानको प्रतिलिपि संलग्न गर्ने) | |
| २.२ संस्थाको योग्यता(जस्तै कृषिमा, वनमा, पर्यटनमा, सेवामा आधारित उद्यमहरुको विकासका क्षेत्रमा) | |

सचिव

| | | |
|---|---|---|
| २.३ | कार्यक्रम व्यवस्थापन निर्देशिका (संस्था छनौट पछि हेरिने) | |
| २.४ | तपाईको संस्थाले लैङ्गिक र सामाजिक समावेशिकरणका पक्षमा कस्तो ध्यान पु-याएकोछ (जस्तैः कर्मचारी भर्नामा, कर्मचारीको जिम्मेवारीमा लाभांश वितरणमा। | |
| २.५ | संस्थाको कति सदस्य तथा कर्मचारीले उद्यमशिलता/ लघु उद्यम विकासको माध्यमबाट गरिबि निवारणका लागि तालिम प्राप्त तथा अनुभव हासिल गरेका छन? कति कर्मचारी उद्यम विकास सहजकर्ता वा अधिकृतको रुपमा काम गरेको अनुभव छ? | |
| २.६ | विगतमा संस्थाले उद्यम विकासको क्षेत्रमा के कति सफलता प्राप्त गरेकोछ? | |
| २.७ | बिगतमा संस्थाले दातृ निकाय/संस्थाहरुसँग या साझेदारीमा काम गरेको संस्थाहरु (यदि भएमा उल्लेख गर्नुहोस । | |

## ३. विगतमा कामको अनुभव (Work History):

| ३.१ कामको किसिम | ३.२ जिल्ला | ३.३ गाउँपालिका/ नगरपालिकाहरु | ३.४ लाभान्वितहरु | | ३.५ कार्य गरेको अवधि | ३.६ कोष परिचालन (रकममा) | ३.७ कोषको श्रोत | ३.८ परिमाण हासिल (Result Achieved |
|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | महिला (प्रतिशतमा) | | | | |
| | | | | | | | | |

पुनश्च : हरेक कार्यक्रम/परियोजनाको सम्झौताको प्रमाणित छायाँप्रति पेश गर्नुपर्नेछ ।

३.९ पहिले काम गरेको दातृ देश या संस्था र अन्य संस्थाहरुको सिफारिश कम्तिमा ३ वटा समावेश गर्ने ।
**(Please include recommendations from the past donors and other organization at least three) .**

३.१० संस्थाको छोटकरी प्रतिवेदन, प्रगति प्रोफाइल या प्रकाशित भएका दस्तावेज कम्तिमा तीनवटा बुझाउनु होला ।जसले संस्थाको सफलता हासिल गरेको देखिन्छ । (**Please include brief progress reports or organizational progress profile or any published documents that indicate organizational achievements (at least three)**

## ४. संस्थाको कार्यकारी समितिको संरचना (Executive Board composition):

| ४.१ | ४.२ | ४.३ | ४.४ | ४.५ | ४.६ | ४.७ |
|---|---|---|---|---|---|---|

सचिव

| व्यक्तिको नाम Name of Sex | लिङ्ग (Sex) | जाति/जनजाति (caste/ethnicity) | बोर्डमा रहेको पद (position in the Board) | शैक्षिक योग्यता (Qualifications) | काम गरेको क्षेत्र र अनुभव गरेको वर्ष (Area and number of year of experiences) | सम्बन्धित जिल्लामा काम गरी अनुभव प्राप्त गरेका वर्षहरु (Number of years of experiences of the district) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

नोटः प्रस्तावित परियोजनामा बोर्डका सदस्यहरु कर्मचारी भएर काम गर्न पाउने छैनन्।

(Note: Board members are not qualified to be staff for this proposed project).

## ५. संस्थामा रहेका मानव श्रोतहरु (Human resources in the organization):

| ५.१ व्यक्तिको नाम Name of the person | ५.२** स्थायी ठेगाना Permanent address | ५.३ लिङ्ग (Sex) | ५.४ जाति/जनजाति (caste/ethnicity) | ५.५ संस्था रहेको पद (position in the Firm) | ५.६ शैक्षिक योग्यता (Qualifications) | ५.७ काम गरेको क्षेत्र र अनुभव गरेको वर्ष (Area and number o year of experiences |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

** नागरिकताको प्रमाणपत्र/बसाईसराईको प्रमाणपत्रका आधारमा एकीन गरिने ।

## ६. परियोजनाका टोलीको संरचना (यस प्रस्तावित परियोजनाकालागि)

## (Project Team composition to Implement this proposed project):

| ६.१ व्यक्तिको नाम Name of Sex | ६.२ लिङ्ग (Sex) | ६.३ जाति/जनजाति (caste/ethnicity) | ६.४ पेशागत अनुशासन (Proffessional Disciplane) | ६.५ शैक्षिक योग्यता (Qualifications) | ६.६ काम गरेको क्षेत्र र अनुभव गरेको वर्ष (Area and number of year of experiences) | ६.७ सम्बन्धित जिल्लामा काम गरी अनुभव प्रा गरेका वर्षहरु (विशेष जिल्ला) (Number of years o experiences of the district) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

नोटः प्रस्तावित परियोजनामा बोर्डका सदस्यहरु कर्मचारी भएर काम गर्न पाउने छैनन्।

(Note: Board members are not qualified to be staff for this proposed project).

## ७. एकैसाथ मिलेर र साझेदारीमा (Collaboration and Partnership)

| ७.१<br>एकैसाथ मिलेर र साझेदारीमा काम गरेका संस्थाहरु (Organization with which Partnership and Collaboration established) | ७.२<br>एकैसाथ मिलेर र साझेदारीमा काम गर्नुको उद्देश्य (Purpose of Collaboration and Partnership ) | ७.३<br>एकैसाथ मिलेर काम गरेको अवधि (Period of Collaboration ) | ७.४<br>कैफियत (Remarks) |
|---|---|---|---|
| | | | |

८. वित्तिय तथा अन्य प्रणाली (Financial and other systems)

| | | |
|---|---|---|
| ८.१ | बुक किपिङ्ग प्रणाली/वित्तिय/लेखा तथा प्रशासनिक प्रणाली (System of book keeping /financial/accounting and administration system) | |
| ८.२ | कर छुटको दायरा रहेका संस्थाले कर छुटको प्रमाण पत्र राख्नु पर्नेछ । (Include Tax free documents (Ifs tax free organizations) | |
| ८.३ | गत दुई वर्षको लेखा परिक्षण प्रतिवेदनको साथ लेखा परिक्षक ले दिएको टिका टिप्पणी समेतको फोटोकपी पेश गर्ने । (Audits reports with auditor's comments for the last two years please attach copies.) | |
| ८.४ | मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र सुचित नम्बर समावेश गर्ने । (Include VAT registration certificate and indicate number) | |
| ८.६ | व्यक्तिगत, प्रशासनिक र वित्तिय नीति/निर्देशिका (छनौट पछि verify गरिनेछ) Personnel, Administration and Financial policies/guidelines (Will be Verified after selection) | |
| ८.७ | ओभरहेडको रणनीति/निर्देशिका (Overhead utilization guidelines) | |
| ८.८ | कर्मचारी प्रशासन, आर्थिक प्रशासन तथा लैंगिक र सामाजिक समावेशी नियमावली बने/नबनेको विवरण: (उपरोक्तानुसारका नियमावली पेश भएका संस्थाहरुलाई प्राथमिकता दिईनेछ) | |

९. यदि संस्था कुनै पनि कानूनी झमेलामा परेको भएमा सत्य तथ्य खुलाउनु पर्नेछ । छ/छैन......
(Disclose of the fact that the Organization/Consultant has not been subjected to any legal actions). Yes/No.......

१०. माथि उल्लेखित सबै जानकारी सत्य छन् र यस संस्थाले एउटै जनशक्ति फरक फरक जिल्लाका लागि प्रस्ताव गरेको छैन भनी प्रमाणित गर्दछु।

सहि.......

नाम.......